जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १५५ पृष्ठः ४ | २०८२ असोज २४ गते शुक्रबार (Friday 10 Oct. 2025) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## बसबाट खसेर सहचालकको मृत्यु

सिरहा, २३ असोज। यहाँको धनगढीमाई नगरपालिका– ९ स्थित जिरोमाइल नजिकै बिहीबार बिहान गुडिरहेको बसबाट खसेर सहचालकको मृत्यु भएको छ। पूर्व–पश्चिम राजमार्गमा विराटनगरबाट जनकपुरधामतर्फ जाँदै गरेको ना ७ ख २६५ नं को यात्रुबाहक बसबाट खसेर लहान नगरपालिका–१ निवासी २१ वर्षीय सहचालक पवनकुमार यादव गम्भीर घाइते भएका थिए।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक रमेश पालका अनुसार

–बाँकी अन्तिम पेजमा

## सुत्केरी र गर्भवतीलाई पोषण प्याकेज

सिरहा, २३ असोज। मातृ तथा नवजात शिशुको स्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यले यहाँको लहान नगरपालिका–१ र २ का ६० जना सुत्केरी र गर्भवतीलाई पोषण प्याकेज वितरण गरिएको छ। नगरप्रमुख महेशप्रसाद चौधरीले बिहीबार एक कार्यक्रमकाबीच उक्त सामग्री वितरण गरेका हुन्। नगरपालिकाले यसअघि प्रत्येक महिनामा फरक–फरक वडामा पुगेर यस्ता पोषण प्याकेज वितरण गर्दै आएको छ। यस पटकदेखि दुई वडाका गर्भवती र सुत्केरीलाई एकैपटक संयुक्त रूपमा पोषण प्याकेज वितरण गर्ने योजना बनाएको नगर प्रमुख चौधरीले बताए।

पोषण प्याकेजमा चामल, दाल, नून, तेल, चना लगायतका खाद्यान्न सामग्रीका साथै वर्षायाममा लामखुट्टेको प्रकोप बढी हुने भएकाले डेङ्गु लगायतका रोगबाट बच्न झुलसमेत प्रदान गरिएको छ। नगरप्रमुख चौधरीले भने, 'गर्भवती र सुत्केरीको स्वास्थ्य सुनिश्चित गर्नु हाम्रो प्रमुख प्राथमिकता हो। यस्ता कार्यक्रममार्फत उनीहरूको पोषणस्तर सुधार गर्नुका साथै स्वास्थ्य सेवामा पहुँच सहज बनाउने हाम्रो उद्देश्य हो। आगामी दिनमा यसलाई अझ प्रभावकारी ढंगले विस्तार गरिनेछ।'

स्वास्थ्य शाखा प्रमुख विन्देश्वर चौधरीका अनुसार, पोषण प्याकेज नियमित स्वास्थ्य परीक्षण गराउने महिलालाई लक्षित गरेर वितरण गरिएको हो। उनले थप जानकारी दिँदै भने, 'नियमित जाँचमा सहभागी हुने महिलाको संख्या पछिल्लो समय उल्लेखनीय रूपमा बढेको छ।' महिला स्वास्थ्य स्वयंसेविकाले वडामा रहेका गर्भवती र सुत्केरीको प्रारम्भिक तथ्याक संकलन, व्यवस्थापन तथा सेवाको सहजीकरणमा महत्त्वपूर्ण भूमिका खेलेको पनि उनले उल्लेख गरे।



## सगरमाथा चौधरी आँखा अस्पताललाई 'मेडिकल टुरिजम'को हब बनाउन सुझाव




सिरहा, २३ असोज। विश्व दृष्टि दिवसको अवसरमा नेपाल नेत्रज्योति संघद्वारा सञ्चालित सगरमाथा चौधरी आँखा अस्पताल, लहानद्वारा बिहीबार जिल्लामा कार्यरत सुरक्षा निकायका कर्मचारीहरूका लागि विशेष आँखा जाँच तथा चस्मा वितरण कार्यक्रम गरेको छ। कार्यक्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र ट्राफिक प्रहरीका सुरक्षाकर्मीको सहभागी रहेको थियो। स्वास्थ्य सेवाको पहुँच बढाउने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा करिब सयभन्दा बढी सुरक्षाकर्मीको आँखा परीक्षण तथा आवश्यक परे चस्मा वितरण गरिने अस्पतालका वरिष्ठ प्रबन्धक अभिषेक रोशनले जानकारी दिए।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी, सशस्त्र प्रहरी बल सिरहाका उपरीक्षक नरेश भण्डारी तथा अन्य सुरक्षाकर्मीहरूको उपस्थिति रहेको थियो। सो अवसरमा प्रजिअ अधिकारीले सगरमाथा चौधरी आँखा अस्पतालले स्वदेशी तथा विदेशी बिरामीको सफल उपचार गरी राष्ट्रको गौरव बढाएको बताए। उनले अस्पतालले आगामी सय वर्षलाई लक्षित गर्दै दीर्घकालीन योजना बनाएर 'मेडिकल टुरिजम'को हब बनाउनु

–बाँकी दुई पेजमा

## सर्पदंशबाट महिलाको मृत्यु

सर्लाही, २३ असोज। सर्लाहीको कौडेना गाउँपालिका–२ फूलपरासीमा सर्पले डसेर एक महिलाको मृत्यु भएको छ। गोमन सर्पको डसाइपछि समयमा अस्पताल नपुग्दा स्थानीय एक महिलाको ज्यान गएको प्रहरीले जनाएको छ। स्थानीय रवीन्द्र यादवकी श्रीमती ४२ वर्षीया

–बाँकी अन्तिम पेजमा

## महिलाको रहस्यम मृत्यु, श्रीमान र ससुराविरुद्ध उजुरी

**सुधा देव**

सप्तरी, २३ असोज। सप्तरीको बलान बिहुल गाउँपालिका २ ओद्राहामा बुधबार एक महिलाको शङ्कास्पद मृत्यु भएको छ। आफ्नै सुत्ने कोठामा २० वर्षीया केसिला कुमारी यादव झुन्डिको अवस्थामा फेला पर्नुभएको थियो।



झुन्डिएको अवस्थामा शव भेटिए पनि खुट्टा ओछ्यानमा छोएको र शरिरमा निलडाम देखिएपछि मृतकका बुवा राजकुमार यादवले हत्या गरिएको आशंकामा घटनाबारे अनुसन्धान गरिपाउँ भनि इलाका प्रहरी कार्यालय कडोरवानामा

–बाँकी दुई पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## खाद्य गुणस्तरमा ध्यान दिऔं।

- सफा र सुरक्षित खानेकुरा मात्र किनौं,
- मिसावट भएको खाद्य सामग्री नबेचौं र नकिनौं,
- खाद्य सामग्रीमा कुनै रासायनिक पदार्थ वा हानिकारक तत्व नमिसाऔं,
- म्याद समाप्त भएको खानेकुरा सेवन नगरौं,
- खाद्यान्न भण्डारण देखि पकाउने भाँडा समेतमा उचित ध्यान पुऱ्याऔं,
- ताजा फलफूल र तरकारी खाने बानी बसाऔं, अत्यधिक नुन, तेल, चिनी र पिरो खाने नगरौं, खाद्य सामग्री सही तापक्रममा भण्डारण गरौं,

**स्वस्थ जीवनका लागि गुणस्तरीय खाना खाऔं !**

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## आन्दोलनका नाममा तोडफोड, लुटपाट र आगजनी गर्नेमाथि कारबाही गर

भदौ २३ गतेको आन्दोलन र २४ गतेको विध्वंसबाट सरकारका सबै अङ्ग क्षतविक्षत भएका छन् । साथसाथै यसभन्दा पहिलेका आन्दोलनहरूमा सुरक्षित रहिआएको निजी क्षेत्र पनि विध्वंसको चपेटामा परेको छ । सम्भवतः यही कारणले अर्थमन्त्री रामेश्वर खनालले पटकपटक अन्तरिम सरकार निजी क्षेत्रको मनोबल उकास्न प्रयासरत रहेको दोहोऱ्याउने गरेका हुन् । खनाल अर्थमन्त्री भएपछि गरिएका केही नीतिगत सुधारमा उनको निजी क्षेत्रप्रतिको सदाशय झल्किएको पनि छ । तर, यसबीच गृह मन्त्रालयले आन्दोलनका नाममा भएका विध्वंसमा सङ्लग्नहरूमाथि माथि कारबाही नगर्न प्रहरीलाई दिएको निर्देशनपछि निजी क्षेत्र सरकारसँग झस्केको छ । अराजकताको भार निजी क्षेत्रलाई बढी गह्रुंगो जो हुन्छ ।

हालै निजी क्षेत्रका प्रतिनिधि संस्था नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्सका अध्यक्षहरूले अर्थमन्त्रीसँग अराजकताको अन्त्यका लागि माग गर्नुको कारण पनि यही हुनुपर्छ । उनीहरूले जेन–जीका नाममा भएको प्रदर्शनका क्रममा निजी क्षेत्रका व्यापारिक प्रतिष्ठानहरूमा गरिएका तोडफोड, लुटपाट तथा आगजनीमा संलग्नहरूमाथि कारबाहीको माग गरेका छन् ।

निजी क्षेत्रका अगुवाहरूका अनुसार तोडफोड, लुटपाट, आगजनीजस्ता अपराधमा संलग्नहरूको खोजतलास गरी कानुनबमोजिम कारबाही गरिएन भने व्यावसायिक क्षेत्र थप हतोत्साही हुनेछ । उद्यमी व्यवसायीले कानुनसम्मत व्यवसाय निर्बाध सञ्चालन गर्न पाउने वातावरण बनाइदिन पनि अर्थमन्त्रीसँग आग्रह गरेका थिए । सरकारविरुद्धको आक्रोश यसरी नियोजितरूपमा निजी क्षेत्रका केही प्रतिनिधिमूलक व्यवसायीविरुद्ध प्रकट र प्रयोग हुनु गम्भीर रहस्यको विषय हो । यो आपराधिक हर्कतको रहस्य सम्भवतः कहिल्यै उजागर नहुनसक्छ । तर, त्यसमा संलग्नहरूलाई जोगाउन सरकार लागेको हो भने त्यो नेपालकै लागि दुर्भाग्यपूर्ण हुने निश्चित छ ।

लगानीको सुरक्षा नहुने र व्यावसायिक प्रतिष्ठान तथा निजी आवासमा समेत लुटपाट, आगजनी तथा तोडफोड गर्दैगरेको अपराधीहरूमाथि कारबाही गर्न सरकारले नै रोक्ने हो भने कसैले पनि थप लगानी गर्दैन । त्यस्तो मुलुकबाट आफ्नो व्यवसाय र सम्पत्ति कसैले सुरक्षित स्थानमा सार्न चाहयो भने त्यसलाई अन्यथा भन्न पनि मिल्दैन । जेन–जी आन्दोलनका नाममा भएको विध्वंसका कारण नेपालको आर्थिक वृद्धिदर ऋणात्मक हुनसक्ने प्रक्षेपण विश्व बैंकले गरिसकेको छ । प्रमुख रोजगारदाताहरूमाथि भएको आक्रमणले यसै पनि हजारौंको रोगजारी धरापमा परिसकेको छ । यस्तो अवस्थामा निजी क्षेत्रका उद्यमी व्यवसायीलाई थप निरुत्साहित बनाउँदा राष्ट्रकै लागि प्रत्युत्पादक हुनेछ ।

यसैले सरकारले कसैको क्षणिक राजनीतिक स्वार्थ पूरा गर्न अपराधीहरूको संरक्षण नगरोस् । न्यायिक आयोगले समेत फौजदारी कसुरमा कारबाहीका लागि आयोगको प्रतिवेदन पर्खन नपर्ने स्पष्ट पारिसकेकोले प्रमाण भेटिएका अभियुक्तलाई पक्रेर न्यायालयमा उभ्याउन प्रहरीलाई गृह मन्त्रालयले रोक्नु भएन । विधिको शासनको प्रत्याभूत हुने हो भने भ्रष्टाचार नियन्त्रण र सुशासनको जग यसै बस्नेछ ।

### महिलाको...

मृतकका पति खगेन्द्र र ससुरा मदन यादवविरूद्ध जाहेरी दिनुभएको छ ।

केसिलाको शव पोष्टमार्टमका लागि धरानस्थित बिपी कोइराला विज्ञान प्रतिष्ठान पठाइएको इलाका प्रहरी कार्यालय कडरोवनाका प्रहरी निरीक्षक गजेन्द्र रायले जानकारी दिनुभयो । अहिलेसम्म पोर्टमाटमको रिपोर्ट आइनसकेकाले कानुनी प्रक्रियामा अगाडि बढ्न नसकेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी प्रवक्ता डम्बर पुरीले जानकारी दिनुभयो । पोष्टमार्टमको रिपोर्ट अनुसार तत्कालै कानुनी प्रक्रिया अगाडि बढाइने छ । विवाहमा दस लाख नगद, आधा तोला सुन, फर्निचरको सामान गरी १३ लाख बराबरको दाइजो दिए पनि छोरीको हत्या गरिएकाले न्यायका लागि पहल गरिदिन राजकुमारले आग्रह गर्नुभएको छ । भुन्डिएको अवस्थामा मृत्यु भएको खबर छिमेकीले पाएपछि घटनाको रहस्य खुलेको स्थानीयको भनाइ छ ।

### सगरमाथा चौधरी...

पर्नेमा जोड दिए ।

कार्यक्रममा अस्पतालका वरिष्ठ प्रबन्धक रोशनले अस्पतालद्वारा प्रदान गर्दै आएको सेवा र विस्तार योजनाको बारेमा जानकारी गराएका थिए । सगरमाथा चौधरी आँखा अस्पतालले यस्ता सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रमहरूलाई आगामी दिनमा अझ प्रभावकारी बनाउने प्रतिबद्धता जनाएको छ ।

# जेन–जी आन्दोलनपछि इतिहासको निर्णायक मोडमा कांग्रेस



डा. गंगादत्त नेपाल

नेपालको राजनीतिक इतिहासमा जेन–जी आन्दोलन एक युगान्तकारी मोडका रूपमा स्थापित भएको छ । यो आन्दोलन केवल सडकमा नाराबाजी गर्ने युवाहरूको जमात मात्र थिएन, बरु यो यथास्थितिवादी सत्ताको गहिरो आलोचना र जनआकाङ्क्षाको विस्फोट थियो । सामाजिक सञ्जालमाथिको प्रतिबन्ध, भ्रष्टाचार, नातावाद र जनताको आवाज दबाउने प्रवृत्तिविरुद्ध उठेको यो आन्दोलनले देशको राजनीतिक संरचना हल्लाइदियो ।

अन्तरिम प्रधानमन्त्रीका रूपमा सुशीला कार्कीको उदयले जन दबाबको शक्ति कति निर्णायक हुन सक्छ भन्ने प्रमाणित गऱ्यो । नेपाली कांग्रेसले देशका हरेक ठुला राजनीतिक आन्दोलनको अगुवाइ गरेको इतिहास छ, राणाशासन अन्त्यदेखि पञ्चायती व्यवस्थाको विरोध, बहुदलीय प्रजातन्त्रको पुनःस्थापना र लोकतान्त्रिक गणतन्त्र स्थापनासम्म । जनताको अधिकारका निम्ति लड्ने र बलिदान गर्ने पार्टीका रूपमा कांग्रेसको गहिरो विरासत छ । यही पार्टी आज आफ्नै सङ्गठनात्मक कमजोरी, नेतृत्वको जडता र जनअपेक्षाप्रति बेवास्ताका कारण सामान्यजस्तो देखिने आन्दोलनबाट पनि विचलित हुन पुगेको छ ।

जेन–जी (सन् १९९७ देखि २०१२ को बिचमा जन्मेको पुस्ता)को मात्र दुईदिने आन्दोलनले कांग्रेस सहभागी सरकारलाई कोल्टे फेर्नुपर्ने स्थिति सिर्जना गऱ्यो, यसले विशेषतः कांग्रेसजस्तो पुरानो दलको नेतृत्वमाथि प्रश्न उब्जाएको छ । यो केवल जेन–जीको आन्दोलनको प्रभाव होइन, यो कांग्रेस नेतृत्वको कमजोर धरातलको खुला पर्दाफास हो । जनतासँग संवाद गर्न नसक्ने, नीति स्पष्ट गर्न नसक्ने र सरकारको कार्यशैलीप्रति आफ्नै समर्थक जनमतलाई समेत विश्वस्त पार्न नसक्ने अवस्थाले अहिले कांग्रेसलाई छटपटाउन बाध्य बनाएको छ । यो सङ्कट बाह्य दबाब होइन, आन्तरिक नेतृत्व सङ्कटको परिणाम हो ।

जेन–जी आन्दोलनले युवाहरूको राजनीतिक चेतना र सक्रियताको नयाँ अध्याय खोल्यो । यसले देखायो कि जब जनता आफ्नो अधिकार र स्वतन्त्रताका लागि एकजुट हुन्छन्, तब सत्ताको गढ पनि दुई दिनमै ढल्न सक्छ । परिवर्तनको यो हुँकारसँगै अराजकताको छाया पनि फैलियो । यस आन्दोलनमा जुन मानवीय क्षति भयो, त्यो अपूरणीय छ । अर्कोतिर आन्दोलनको आवरणमा घुसेका अराजक समूहले सरकारी भवनहरू, ऐतिहासिक सम्पदा र सार्वजनिक संरचनामा अकल्पनीय क्षति पुऱ्याए । सिंहदरबार, राष्ट्रपति भवन र अन्य सरकारी कार्यालयहरूमा आगजनी हुँदा खर्बौंको भौतिक सम्पत्ति नष्ट मात्र नभई सांस्कृतिक र प्रशासनिक दृष्टिले पनि गहिरो चोट पुग्यो । अमूल्य दस्ताबेजहरू खरानी बने, जसले नेपालको ऐतिहासिक निरन्तरता र कानुनी स्मृतिमा अपूरणीय क्षति पुऱ्यायो ।

यति गहिरो आन्दोलनपछि पनि मुख्यधारका राजनीतिक दलहरू ( कांग्रेस, एमाले र माओवादी केन्द्र) ले आत्मसमीक्षा गर्ने सङ्केत समेत देखाएनन् । जनताको आक्रोश र परिवर्तनको चाहनालाई सम्बोधन गर्ने कुनै ठोस कदम उठाइएको छैन । शेरबहादुर देउवा, केपी शर्मा ओली र प्रचण्डजस्ता शीर्ष नेताहरूले सत्तापलटपछि विशेष महाधिवेशनको घोषणा गरेर कार्यवाहक नेतृत्वलाई जिम्मेवारी दिने नैतिकता देखाएका भए जनताले उनीहरूलाई पुनः विश्वास गर्ने आधार तय हुने आशा गर्न सकिन्थ्यो, तर उनीहरू पुरानै सत्ताको मोहमा बाँधिए । माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले विशेष महाधिवेशनको प्रस्ताव अघि सारिसकेका छन् भने एमालेमा अध्यक्ष ओलीको एकाधिकारवादी शैलीले यस्तो प्रस्तावको कल्पनालाई नै दबाइरहेको छ । कांग्रेसमा अवस्था अझ जटिल छ– नेतृत्व परिवर्तनको बहस नै दबाइएको छ ।

देशमा करिब ५२ प्रतिशत युवा मतदाता छन्, जसको राजनीतिक चेतना, आकांक्षा र दृष्टिकोण अघिल्लो पुस्ताभन्दा धेरै फरक र परिष्कृत छ । उनीहरू केवल इतिहासको आधारमा होइन, नतिजामुखी नेतृत्व, उत्तरदायी नीति र समावेशी दृष्टिकोणका आधारमा राजनीतिक पार्टीको मूल्यांकन गर्छन् । नेपाली कांग्रेस भने अझै पुरानै अनुहार र संरचनाभित्र घुमिरहेछ । देउवा नेतृत्वको निरन्तरता कुनै दूरदृष्टियुक्त रणनीति नभएर गुटगत सन्तुलन र स्वार्थको संरचना जोगाउने असफल प्रयासझैँ देखिन थालेको छ । पाँचौंपटक प्रधानमन्त्री बनिसकेका देउवा अहिले पनि नेतृत्वमा रहनुपर्ने कुनै सशक्त तर्क जनतासामु छैन । पार्टीभित्र एउटा यस्तो संरचना निर्माण गरिएको छ, जसले विकल्पको बाटो बन्द गर्ने प्रयास गरिरहेको छ ।

नेतृत्व नफेरिने, पुरानै अनुहार दोहोरिने र नयाँ सोचलाई अवरोध गर्ने हठ अब सह्य छैन । यसले कांग्रेसलाई केवल जनसमर्थनबाट टाढा बनाइरहेको छैन, संस्थागत रूपमा पनि कमजोर बनाइरहेको छ । युवा मतदातामा पार्टीप्रति वितृष्णा बढ्दो छ, कार्यकर्ता तहमा उत्साह घट्दो छ र पार्टी स्वयं दिशाहीन हुँदै गएको छ । नेतृत्व परिवर्तनको माग अब केवल असन्तुष्ट केही व्यक्तिको गुनासो होइन, यो व्यापक कार्यकर्ता तह र युवा पुस्ताको सामूहिक आवाज बन्दै गएको छ । कांग्रेसले यो आवाज सुन्न सकेन भने पार्टीको अस्तित्व नै संकटमा पर्न सक्छ । केवल देउवा नेतृत्वको निरन्तरताले पार्टीलाई स्थायित्व होइन, विघटनको दिशामा धकेल्ने सम्भावना बढ्दो छ ।

गगन थापा र विश्वप्रकाश शर्मा कांग्रेसभित्र सुधारको आवाज उठाउने प्रमुख युवा नेताका रूपमा स्थापित छन् । उनीहरूले विगत केही वर्षदेखि पार्टीभित्रको जडता, नेतृत्वको अकर्मण्यता र भ्रष्टाचारविरुद्ध स्पष्ट एजेन्डा अघि सारेका छन् । विशेषतः गगनले स्वास्थ्य, शिक्षा र सुशासनका सवालमा संसद्मा प्रभावशाली भूमिका खेलेका छन् भने विश्वप्रकाशले संकठनात्मक सुधार र युवाको प्रतिनिधित्वको पक्षमा निरन्तर आवाज उठाउँदै आएका छन् । यति सबल र स्पष्ट एजेन्डा हुँदाहुँदै पनि उनीहरू पूर्णतः प्रश्नमुक्त छैनन्र तिनका कारण गम्भीर छन् ।

गगन–विश्वले पार्टीभित्र सुधार, जवाफदेहिता र पारदर्शिताको पक्षमा ठुला कुरा गरे पनि ती एजेन्डाहरू प्रायः नारामा सीमित देखिन्छन् । महाधिवेशनका बेला जनतामा सुधारको आशा जगाउने र युवालाई प्रेरित गर्ने भाषणहरू सुन्न पाइन्छ । समय बित्दै जाँदा ती प्रतिबद्धता ओझेलमा पर्दै जान्छन् । विशेषतः जब पार्टीभित्रको शक्ति सन्तुलन, गुटगत चासो र चुनावी रणनीतिले प्राथमिकता पाउँछ, तब सुधारको एजेन्डा स्वतः दोस्रो तहमा धकेलिन्छ । यही प्रवृत्तिले जनस्तरमा गम्भीर प्रश्न जन्माएका छ– के सुधारको कुरा केवल महाधिवेशन वा चुनावी आवरणमा प्रयोग हुने नारा हो ? होइन भने सुधारका ठुला प्रतिबद्धता किन संस्थागत तहमा लागु हुँदैनन् ? पार्टीको आन्तरिक लोकतन्त्र, संगठनभित्रको अनुशासन र जवाफदेहिता सुनिश्चित गर्ने प्रयास किन अलमलमा पर्छ ?

यही सन्दर्भमा नेविसंघ र तरुण दलजस्ता संगठनको अवस्था झनै चिन्ताजनक छ । यी संस्था कांग्रेसको भविष्य निर्माण गर्ने थलो हुन्, जहाँबाट नयाँ नेतृत्व, विचार र दिशा आउनुपर्थ्यो । यतिखेर यिनै संगठनहरू पार्टीको गुटगत प्रतिस्पर्धाको अखडा बनेका छन् । सङ्गठनभित्र अनुशासनको अभाव, स्वार्थले निर्देशित निर्णयहरू र व्यक्तिगत समूहगत लाभमा सीमित गतिविधिले युवाको राजनीतिलाई दिशाहीन बनाएको छ । अझ गम्भीर कुरा के छ भने, यी विकृति राम्ररी बुझेका गगन–विश्वजस्ता नेताले हस्तक्षेप गर्ने आँट देखाएका छैनन् । उनीहरू सुधारका वकालतकर्ता भए पनि नेविसंघ र तरुण दलमा देखिएको अधोगतिको प्रतिरोध गर्न सकेका छैनन् ।

प्रश्न उठ्छ, के उनीहरू संगठनभित्रको असन्तुलनलाई जानाजान नजरअन्दाज गरिरहेका छन् ? वा उनीहरू पनि गुटगत सन्तुलन र सत्ताको समीकरणभित्र सीमित रहन बाध्य छन् ? साँच्चिकै पार्टीभित्र दीर्घकालीन सुधार चाहन्छन् भने गगन–विश्वजस्ता नेताहरूले सङ्गठनको जरा–जरा तहदेखि त्यसको पहल गर्नुपर्छ । सशक्त युवा संगठन, नीतिगत स्पष्टता र गुटभन्दा माथि उठ्ने संस्कृति विकास नगरी पार्टीभित्र सुधारको कुरा केवल भाषणमै सीमित हुनेछ ।

यो समय गगन थापा र विश्वप्रकाश शर्माका लागि मात्र होइन, समग्र नेपाली राजनीतिका लागि निर्णायक मोड हो । सुधारको नायक बन्ने अवसर उनीहरूको सामु छ तर त्यसका लागि भाषणभन्दा परको प्रतिबद्धता आवश्यक छ । जनताले उनीहरूमा देखेको आशा केवल प्रतीक्षा र निराशामा सीमित नहोस् भन्नका लागि अब ठोस कदम चाल्नुपर्ने बेला आएको छ । तसर्थ सुधारको एजेन्डा कार्यान्वयनमा देखिनुपर्छ, नीति निर्माण, संगठनभित्रको अनुशासन र भ्रष्टाचारविरुद्धको स्पष्ट र निर्भीक लडाइँमार्फत ।

नेविसंघ र तरुण दलजस्ता युवा सङ्गठनहरूमा देखिएको विचलनलाई केवल आलोचना गरेर होइन, संरचनागत हस्तक्षेप र नेतृत्व परिवर्तनमार्फत समाधान गर्नुपर्छ । निरन्तरता, पारदर्शिता र जनउत्तरदायित्वलाई प्राथमिकता दिए भने कांग्रेसलाई गगन–विश्वले पुनः जनतासँग जोड्न सक्छन् । अबको समय भाषणको होइन, कार्यको हो । गगन–विश्वले सुधारको नायक बन्ने हो भने उनीहरूले सङ्गठनभित्रैबाट परिवर्तनको लहर ल्याउनुपर्छ । जनताले दिएको आशा र समर्थनलाई निराशामा नफेरियोस् भन्नका लागि उनीहरूले नेतृत्वको साहस देखाउनैपर्छ । किनभने यही मोडले कांग्रेसको मात्र होइन, देशको राजनीतिक भविष्यको दिशा तय गर्नेछ ।

अतः इतिहासको यस निर्णायक मोडमा कांग्रेसले नियमित वा विशेष महाधिवेशनमार्फत संगठनभित्रको आत्ममूल्याङ्कन गर्दै नेतृत्वको पुनर्संरचना र सुधारको स्पष्ट एजेन्डा तय गर्न सके मात्र पार्टीको पुनर्जागरण सम्भव छ । महाधिवेशन केवल औपचारिकता नभई विचार, दृष्टिकोण र कार्यदिशा पुनर्निर्धारणको अवसर हो । नेतृत्वले साहसिक निर्णय गरेर जनअपेक्षासँग मेल खाने सुधारको बाटो रोज्छ भने कांग्रेसले

**–बाँकी तीन पेजमा**

# महोत्तरीमा बाढीले हजारौँ बिघा धान नष्ट, किसानको पसिना बगायो

नवीन प्रियदर्शी

महोत्तरी, २३ असोज। धान रोप्ने समयमा खडेरीको पीडा भोगेका किसान अहिले बाली भित्र्याउने समयमा आएको अविरल वर्षा र बाढीले थलिएका छन्। धान बाली डुबान हुँदा महिनौँको मेहनत खेर गएको किसान बताउँछन्। जलेश्वर नगरपालिका–२ का किसान रामअशिष ठाकुर वरहीका अनुसार धान रोप्ने समयमा खडेरीले दुःख दियो भने भित्र्याउने समयमा बाढीले सतायो।

‘धान रोप्ने समयमा पानी नै परेन। जसोतसो हजारौँ खर्च गरेर धान रोप्यौँ। ऋण लिएर मल ल्यायौँ, तर अहिले बाढीले सबै नष्ट गरिदियो,’ उनले भने, ‘राहतको मुख ताक्नुबाहेक हामीसँग अरू उपाय छैन।’ केही दिन अघिको अविरल वर्षासँगै आएको बाढीले जिल्लाभरिका हजारौँ बिघा धानबाली डुबानमा परेको छ। यससँगै किसानको महिनौँको मेहनत खेर गएको छ। केही हप्ता अघिसम्म हरियो धान हल्लिँदै गरेको खेत अहिले पूरै डुबेका छन्। फल्ने तयारीमा रहेको बाली बाढीले सखाप पार्दा किसानहरूको अनुहारमा चिन्ता छाएको छ।

जलेश्वरकै किसान महिचन पासवानले भने, ‘यत्रो मेहनत गरेर रोपेको खेत अहिले नदी बनेको छ। भगवानकै भरोसा छ। राज्य त हाम्रा समस्या सुन्ने फुर्सदमा छैन।’ महोत्तरीका जलेश्वर, मनरा, गौशाला, एकडारा, सोनमा लगायतका क्षेत्र डुबानमा परेका छन्। खेतमा पानी जम्दा धानका बोट सड्न थालेका छन्। लामो खडेरीका कारण मधेसमा ढिलो गरी रोपाइँ भएको थियो। ऋण काढेरै भए पनि जसोतसो धान रोपेका किसानको परिश्रम बाढीले एकैपटक बगाएर लग्यो।

कृषक रहिमण राइनले भने, ‘कसैले धान रोप्न साहुसँग ऋण लिएका थिए। कसैले घरको गहना बेचेर खेती गरेका थिए। उब्जनी भएको धान बेचेर ऋण तिर्ने योजना थियो। भित्र्याउने बेलामा आएको बाढीले किसानलाई थप पीडित बनाइदिएको छ।’ मधेसका किसान धान खेतीका लागि लिएको ऋण तिर्नमात्र होइन, वर्षभरि के खाएर गुजारा गर्ने भन्ने चिन्तामा समेत छन्। अधिकांश किसान आफूलाई वर्षभरि खान पुग्नेगरी धान राखेर बाँकी उब्जनी बेचेर घर खर्च चलाउँदै आएका छन्। यो पटक धान बाली नष्ट भएपछि कसरी गुजारा गर्ने भन्ने चिन्तामा उनीहरू छन्।





मधेस प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका विशेषज्ञ डा. सरोज चौधरीका अनुसार राज्यले तुरुन्तै क्षतिको मूल्याङ्कन गरी प्रभावित किसानहरूलाई राहत, बिउ–मल वितरण र आगामी बालीका लागि पुनःउत्थान कार्यक्रम ल्याउन जरुरी छ। अन्यथा यसले मधेस क्षेत्रमा खाद्य सङ्कट र आर्थिक असन्तुलन निम्त्याउने खतरा छ। लामो खडेरीका कारण ढिलो गरी गरिएको रोपाइँले यस वर्ष महोत्तरीमा कुल खेतीयोग्य क्षेत्रफलको ७५.३४ प्रतिशतमा मात्र धान रोपाइँ सम्पन्न भएको थियो। कठिनाइका बाबजुद किसानले जसोतसो धान रोपेका थिए, तर बाली लहलहाउने बेला परेको अविरल वर्षा र बाढीले त्यो मेहनत एकैछिनमा नष्ट गरिदियो। वर्षासँगै आएको बाढीले खेत डुबाएपछि किसानहरूको वर्षभरको पसिना र आशा दुबै बगेर गएका छन्।

मुलुकका लागि अन्नको भण्डार मानिने मधेस प्रदेशमा अहिले राजनीतिक खिचातानी चरममा छ। सरकार गठनका लागि नेताहरू दौडधुपमा व्यस्त रहँदा किसानहरूको वास्तविक पीडा ओझेलमा परेको छ। खेत डुबेर बाली नष्ट हुँदा किसानहरू निराश र असहाय बनेका छन्, तर राज्यको ध्यान त्यतातिर पुगेको छैन।

# ओली र लेखकविरुद्धको जाहेरी आयोगले प्रहरीमै फिर्ता पठायो

काठमाडौं, २३ असोज। निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकविरुद्धको जाहेरी प्रहरी कार्यालयमै फर्किएको छ। जेनजी आन्दोलनबारे छानबिन गर्न बनेको जाँचबुझ आयोगले उनीहरूविरुद्धको जाहेरी प्रहरीमै फिर्ता गरिदिएको हो। आयोगको उक्त जाहेरी आफ्नो कार्यक्षेत्रमा नपरेको भन्दै प्रहरीमै फिर्ता गरेको आयोगका प्रवक्ता तथा सदस्य विज्ञानराज शर्माले बताए। ‘जाहेरीमाथिको अनुसन्धान आयोगको कार्यक्षेत्रमा नपर्ने भएपछि फिर्ता गरेका हौं,’ शर्माले भने।

बिहीबार आयोगले एक विज्ञप्ती समेत जारी गरेको छ। ‘फौजदारी वारदातमा विस्तृत अनुसन्धान तहकिकात गरी कसुरदार देखिने अवस्थामा अभियोजन समेत लगाउने कार्य यस आयोगको कार्यक्षेत्रभित्र परेको छैन’, विज्ञप्तीमा उल्लेख गरिएको छ, ‘फौजदारी कसुरमा जो कोहीलाई नेपाल सरकारका संयन्त्रहरबाट तत्काल अनुसन्धान र कारबाही गर्न गराउन नेपालको कानूनले अख्तियारी प्रदान गरेको विदितै छ। यस्तो कारबाहीका लागि आयोगको प्रतिवेदन कुर्न नपर्ने भएकाले प्राप्त जाहेरी निवेदन र कागजात जिल्ला प्रहरी परिसर काठमाडौंमा फिर्ता पठाइदिने।’

यसअघि जेन–जी आन्दोलनमा मृत्यु भएका परिवारले जिल्ला प्रहरी परिसर कामठाडौंमा उजुरी दिँदै ओली र लेखकलाई पक्राउ गरेर कारबाही गर्नुपर्ने माग गरेका थिए। त्यसपछि प्रहरीले उक्त जाहेरी लिएर दर्ता नगरी आयोगमा पठाएको थियो। अहिले फेरि आयोगले जाहेरी प्रहरी कार्यालयमै फिर्ता गरिएपछि अन्योल सिर्जना भएको छ।

जेनजी आन्दोलनको क्रममा सुरक्षाकर्मीको गोली लागेर २१ जनाको मृत्यु भएको थियो भने जम्मा ७६ जनाले ज्यान गुमाएका थिए।


## श्री महावीर माध्यमिक विद्यालय चैनपुर

**धनगढीमाई न.पा.-९, सिरहा**

**मधेश प्रदेश, नेपाल**

**विज्ञापन गरिएको सम्बन्धमा**

**दोश्रो पटक प्रकाशित मिति : २०८२/०६/२४**

उपयुक्त विषयको सम्बन्धमा यस विद्यालयको वि.व्य.स.को मिति २०८२/०६/०४ गतेको निर्ण, धनगढीमाई न.पा.को च.नं. ३२५ मिति २०८२/०२/१२ गते सिफारिस पत्र तथा शिक्षा विकास तथा समन्वय इकाई सिरहाको च.नं. १५४५ मिति २०८२/०३/०३ गतेको प्राप्त विज्ञापन अनुमति पत्रानुसार यस विद्यालयमा रिक्त रहेको मा.वि.राहत अनुदान कोटा १ (एक) मा नेपाली विषय शिक्षक पदमा खुल्ला प्रतिस्पर्धाबाट पदपूर्ति गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले दोश्रो पटक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र तोकिएको कागजात सलग्न गरी विद्यालय प्रशासनमा रितपूर्वक दरखास्त दिनुहुन यो सूचना प्राशन गरिएको छ।

**तपसिल**

१. विज्ञापन नं. १/०८२/०८३
२. पद : शिक्षक
३. पद संख्या : १ (एक)
४. विषय : नेपाली
५. तह : माध्यमिक (कक्षा ९-१२)
६. सेवाको किसिम : अस्थायी करार
७. शैक्षिक योग्यता : नेपाली मूल विषय लिई स्नातक गरेको (स्नात्कोतर गरेकोलाई विशेष प्राथमिकता दिईने छ।)
८. दरखास्त दिने अन्तिम मिति : २०८२/०६/३० (बेलुका ४:०० बजे सम्म)
९. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
१०. तलब स्केल : नेपाल सरकारको नियमानुसार
११. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ।
१२. परीक्षाको किसिम : लिखित तथा अन्तर्वार्ता र आवश्यक परेमा प्रयोगात्मक परीक्षा समेत लिइनेछ।
१३. सम्पर्क मिति : २०८२/०६/३१
१४. आवश्यक कागजातहरु : शैक्षिक योग्यताका प्रमाणपत्र, अध्यापन अनुमति पत्र र नेपाली नागरिकताको प्रतिलिपि, फोटो २/२ प्रति
१५. जानकारीको लागि कार्यालयको सम्पर्क नं. ९८१४७६४७६१, ९८१९७८१९१६

पुनश्चः शिक्षक सेवा आयोगको करार सूचीमा सुचिकृत उम्मेदवारको दरखास्त आएमा अन्य उमेदवारको दरखास्त फिर्ता गरिनेछ।

**प्रधानाध्यापक**


# भूमि आयोग र जिल्ला समिति खारेज, इलाम ३ महिनाका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा

काठमाडौं, २३ असोज। सरकारले भूमि समस्या समाधान आयोग र सबै जिल्ला समिति खारेज गर्ने निर्णय गरेको छ। सिंहदरबारमा आज बसेको मन्त्रिपरिषद् बैठकले भूमि समस्या समाधान आयोग गठन आदेश–२०८१ बमोजिम गठन भएको आयोग र सबै जिल्ला समिति खारेज गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधि मन्त्री जगदीश खरेलले जानकारी दिनुभयो। यस्तै बैठकले इलाम जिल्लालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ। अघिल्लो हप्ताको बाढी र पहिरोबाट सबैभन्दा धेरै मानवीय क्षति भएको इलामलाई अबको ३ महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय भएको सरकारका प्रवक्ता खरेलले जानकारी दिनुभयो। भर्खरैको बाढी र पहिरोबाट इलाममा मात्रै ३९ जनाले ज्यान गुमाएका छन्।

**यस्ता छन् अरू निर्णय :**

– प्रहरी नायब महानिरीक्षकहरू सुशीलसिंह राठौर, उमाप्रसाद चर्तुवेदी, हिमालयकुमार श्रेष्ठ र डम्बरबहादुर विश्वकर्मालाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरी पदस्थापन गर्ने,

– अध्यागमन र भिजिट भिसाको सन्दर्भमा विगतदेखि देखिएको समस्या समाधान गर्न गठित उच्चस्तरीय अध्ययन एवम् छानबिन समिति २०८२ ले पेश गरेको प्रतिवेदन कार्यान्वयनका लागि गृह मन्त्रालयमा पठाउने,

– त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समिति २०८१ ले पेश गरेको प्रतिवेदन कार्यान्वयनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र नागरिक उ यन क्षेत्रको सुधारका लागि गठित उच्चस्तरीय अध्ययन एवम् सुझाव समितिले पेश गरेको प्रतिवेदन २०८२ कार्यान्वयनका लागि संस्कृति, पर्यटन तथा नागरिक उ यन मन्त्रालयमा पठाउने,

– नेपाल विद्युत् प्राधिकरणको जलविद्युत् आयोजना निर्माणका लागि स्रोत व्यवस्थापन गर्न २० अर्ब रुपैयाँ बराबरको ऊर्जा वर्न चरणबद्ध रूपमा निष्कासन गर्न स्वीकृति प्रदान गर्ने,

*जेन–जी आन्दोलनपछि...*

जनतामा पुनः विश्वास जगाउन सक्छ। गगन–विश्वजस्ता युवा नेताको सक्रियता र प्रतिबद्धता महाधिवेशनमा संस्थागत रूपमा स्थापित गर्न सकियो भने पार्टीको भविष्य उज्ज्वल बन्न सक्छ।

अन्त्यमा यस ऐतिहासिक मोडमा सही निर्णय, स्पष्ट एजेन्डा र साहसी नेतृत्वको खाँचो छ। महाधिवेशनले केवल नेतृत्व चयन होइन, संगठनको आत्मा पुनः परिभाषित गर्ने अवसर दिनुपर्छ। यही आशासहित कांग्रेसले समयको माग अनुसार सुधारको बाटो रोजोस् र देशको राजनीतिक भविष्यमा सकारात्मक भूमिका खेलोस् भन्ने शुभकामना व्यक्त गर्छु। (डा. नेपाल बागमती प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष तथा नेपाली कांग्रेस सम्बद्ध बुद्धिजीवी हुन्।)

रातोपाटीबाट

## बसबाट खसेर...

बसको पछाडिको चक्काले किचिएर गम्भीर घाइते भएका सहचालक यादवलाई तत्कालै उपचारका लागि लहानस्थित प्रादेशिक अस्पताल पुऱ्याइएको थियो। तर, मध्यान्ह १२ बजे चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए।

घटनालगत्तै इलाका प्रहरी कार्यालय धनगढीबाट प्रहरी नायब निरीक्षक दिलीपकुमार सिंहको नेतृत्वमा प्रहरी टोली घटनास्थलमा पुगेको थियो। बसका चालक ४० वर्षीय लक्ष्मी महतोलाई तत्काल नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक पालले जानकारी दिनुभयो।

## सर्पदंशबाट ...

नयनदेवी यादवलाई हिजो दिउँसो गोमन सर्पले डसेको थियो। सर्पले डसेपछि परिवारका सदस्यले उनलाई नजिकैको विषहरा बाबा मन्दिरमा झारफुकका लागि लगेका थिए। तर, अवस्था गम्भीर भएपछि मात्रै उनलाई अस्पताल ल्याइएको थियो।

परिवारका सदस्यहरूले नयनदेवीलाई पछि प्रादेशिक अस्पताल मलंगवा पुऱ्याए, तर अस्पताल पुगेका बेला चिकित्सकहरूले उनलाई मृत घोषित गरे। अस्पतालका स्वास्थ्यकर्मीका अनुसार बिरामीको मृत्यु भइसकेकाले सर्पदंशविरुद्धको एन्टीस्नेक भेनम चढाउन सम्भव भएन। प्रादेशिक अस्पतालले मृत घोषणा गरेपछि पनि परिवारले उनलाई नवलपुरस्थित सर्पदंश उपचार केन्द्रमा पुऱ्याएका थिए। उपचार केन्द्रका इन्चार्ज तथा स्वास्थ्यकर्मी जगर्नाथ यादवका अनुसार बिरामीको मृत्यु भइसकेकाले शव घर लैजान सुझाव दिइएको थियो।

**प्राकृतिक विपद्बारे सचेतना फैलाऔं**

# माइतीघरमा प्रदर्शन गर्न खोज्ने १४ जनाभन्दा धेरै पक्राउ



काठमाडौं, २३ असोज। जेन–जीका माग पूरा नगरेको भन्दै अन्तरिम सरकारविरुद्ध प्रदर्शन गर्न पुगेका केही अभियन्तालाई प्रहरीले पक्राउ गरेको छ। काठमाण्डौको माइतीघरमा प्रदर्शन गर्न खोजेको आरोपमा प्रहरीले आज डा. निकोलस भुसाल, सञ्जीव दाहालसहित १४ जनाभन्दा धेरैलाई पक्राउ गरेको हो। पक्राउ परेकाहरूलाई जिल्ला प्रहरी परिसर काठमाण्डौमा राखिएको छ।

जिल्ला प्रशासन कार्यालय काठमाण्डौले कसैलाई पनि प्रदर्शनका लागि अनुमति नदिएको अवस्थामा उनीहरू प्रदर्शन गर्न भन्दै आज बिहान माइतीघर पुगेका थिए। अनुमति नदिएको अवस्थामा प्रदर्शन गर्न खोजेपछि केहीलाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाण्डौका एसपी एवम् प्रवक्ता पवनकुमार भट्टराईले बताउनुभयो। प्रहरीले माइतीघर–नयाँ बानेश्वर क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारेको छ। त्यस क्षेत्रमा नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन भएका छन्।

जेन–जीले अन्तरिम सरकारसँग राखेका मागहरू पूरा गर्न ढिलाइ गरेको, भ्रष्टाचार र बेथितिविरुद्ध कुनै कदम नचालेको, गएको भदौ २३ गते भएको आन्दोलनमा दमन गर्नेहरूलाई पक्राउ नगरिएको भन्दै विभिन्न माग राखेर उनीहरू आज प्रदर्शन गर्न पुगेका हुन्।

# दुई महिनामा साढे ६ करोड भन्सार छलीका समान बरामद

वीरगञ्ज, २३ असोज। सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साले चालु आर्थिक वर्षको दुई महिनामा भन्सार छलीका रु छ करोड ६८ लाख ८१ हजार मूल्य पर्ने विभिन्न थरिका सामान बरामद गरेको छ। सीमा सुरक्षामा खटिने सशस्त्र प्रहरीले साउन र भदौ महिनामा भन्सार छली गरेर भित्रिएका रु चार करोड ३३ लाख ५७ हजार पाँच सय ६८ मूल्य पर्ने सामान वीरगञ्ज भन्सार कार्यालयमा दाखिला गरेको छ। त्यस्तै साउन र भदौ महिनामा विलविजकभन्दा बढी सामान भएका रु दुई करोड ३५ लाख २३ हजार पाँच सय ८२ मूल्य पर्ने सामान पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयमा बुझाएको छ।

जबकी सशस्त्र प्रहरीले आव २०८१/८२ को साउन र भदौ महिनामा भने भन्सार छली गरेका रु सात करोड १० लाख २१ हजार आठ सय ६१ मूल्य पर्ने सामान वीरगञ्ज भन्सार कार्यालयमा दाखिला गरेको थियो। त्यस्तै गत आवको दुई महिनामा रु एक करोड ९२ लाख ५३ हजार छ सय ८७ मूल्य पर्ने बिलविजकभन्दा बढी भएका सामान भने पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयमा बुझाएको छ। सशस्त्र प्रहरी बल पर्साका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक पुरनचन्द्र भट्टले सशस्त्र प्रहरीले सीमा क्षेत्रमा कडाई गरेसँगै भन्सार छली तथा बिलविजकभन्दा बढीका सामान बरामद हुने क्रममा केही कमी आएको बताए।

'सशस्त्र प्रहरीले सीमा क्षेत्रमा कडाइ गरेसँगै वीरगञ्ज भन्सारको राजस्व संकलनमा उल्लेखनीय वृद्धि भएको छ,' उनले भने, 'भन्सार छलीका सामान धेरै भित्रिदा भने राजस्व संकलनमा कमी हुने गर्दछ।' गणपति भट्टले पर्साको सीमावर्ती क्षेत्रमा हुनसक्ने सम्भावित अवैध चोरी पैठारी र निकासी नियन्त्रणका लागि आवश्यक काम गर्दै आइरहेको बताए। वीरगञ्ज भन्सार कार्यालयले चालु आवको दुई महिनामा ३९ अर्ब १५ करोड राजस्व संकलन गरेको छ।

# तलब नपाएपछि सप्तरीको खडक नगरपालिकाका शिक्षकद्वारा तालाबन्दी

सप्तरी, २३ असोज। चार महिनादेखि तलब नपाएको गुनासो गर्दै सप्तरीको खडक नगरपालिकाका शिक्षकहरूले बिहीबार नगरपालिकाको कार्यालयमा तालाबन्दी गरेका छन्। लामो समयदेखि तलब रोकिँदा दसैँजस्तो ठुला पर्वको मुखमा आर्थिक संकटमा परेका उनीहरू आन्दोलनमा उत्रिएका हुन्। खडक नगरपालिका–स्थित कल्याणपुरको नगर कार्यपालिकाको कार्यालयमा तालाबन्दी गर्दै शिक्षकहरूले "भोकै पेटले पढाउन सकिँदैन" भन्दै आफ्नो पीडा सार्वजनिक गरेका छन्। चार महिनासम्मको तलब नपाउँदा घरखर्च, चाडपर्व र पारिवारिक जिम्मेवारी सबै प्रभावित भएको उनीहरूको गुनासो छ।

शिक्षक कुलानन्द साहका अनुसार कार्यपालिकाले दसैँअघि नै शिक्षक र कर्मचारीलाई तलब उपलब्ध गराउने निर्णय गरेको थियो। "असोज ७ गते जिल्ला प्रशासन कार्यालयलाई समेत लिखित रूपमा जानकारी गराइएको थियो," उनले भने, "तर त्यसपछि पनि कुनै सुनुवाइ नभएपछि अन्ततः तालाबन्दी गर्नु परेको हो।" शिक्षक शैलेन्द्र कुमार चौधरीले भने, "चार–चार महिनासम्म भोको पेटले काम गरिरहेका थियौं। अब बाध्य भएर आन्दोलनमा उत्रनु परेको छ। शिक्षाजस्तो संवेदनशील क्षेत्रलाई यति बेवास्ता गर्न मिल्दैन।"

तालाबन्दीका क्रममा जारी गरिएको प्रेस विज्ञप्तिमा धर्मराज सिंहसहित १५ जना शिक्षकको हस्ताक्षर रहेको छ। उनीहरूले तत्काल तलब उपलब्ध गराइने व्यवस्था नभए थप आन्दोलन चर्काउने चेतावनी दिएका छन्। यसैबिच, खडक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विनय कुमार सोनुले तलब वितरण रोकिनुमा नगरप्रमुखको असहयोग मुख्य कारण भएको आरोप लगाएका छन्। "असारमै नगरसभा सम्पन्न भइसकेको थियो, कार्यपालिकाले निर्णय पनि गरिसकेको हो," सोनुले भने, "तर नगरप्रमुख जयप्रकाश चौधरीले आवश्यक हस्ताक्षर र अख्तियारी नदिएकाले तलब वितरण प्रक्रिया अघि बढ्न सकेको छैन।"

उनका अनुसार, असोज २ गते पुनः कार्यपालिकाले शिक्षक तथा कर्मचारीको तलब भुक्तानी गर्ने निर्णय गरे पनि नगरप्रमुखले दस्तखत नगरेपछि प्रक्रिया अड्किएको हो। शिक्षकहरूको आन्दोलनसँगै खडक नगरपालिका भित्रका विद्यालयहरूमा पठनपाठन पूर्णरूपमा ठप्प भएका छन्। विद्यार्थीको पढाइमा प्रत्यक्ष असर पर्न थालेको भन्दै अभिभावकहरू पनि चिन्तित बनेका छन्। उनीहरूले तत्काल समस्या समाधान गरी विद्यालय सञ्चालनमा फर्काउन स्थानीय प्रशासन र जनप्रतिनिधिलाई आग्रह गरेका छन्।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)